*Badger* समुदाय,

गएका तीन हप्ताहरू हाम्रो समुदाय, विशेष गरी कालो (*Black*) वा *BIPOC* को रूपमा पहिचान गर्ने, व्यक्तिहरूका लागि दु:ख र सङ्घर्षले गर्दा भारी भएको छ। मैले मे महिनाको आखिरी चरणमा उल्लेख गरेझैं, हाम्रा विद्यार्थी, संकाय र कर्मचारीहरू बीच अन्यायको सामना गरेर आवश्यक परिवर्तनको लागि अभियान गर्ने इतिहास रहेको छ। एक विश्वविद्यालयको रूपमा हामी *Black Lives Matter* अभियान, जातीय समानता, र न्याय वरिपरको संवादमा संलग्न रहनेछौं र समाधानको हिस्सा बन्न प्रतिबद्ध छौं।

तर गएका तीन महिनाहरू अरू कारणहरूले गर्दा पनि गाह्रो भएको छ, थुप्रै मानिसहरू विश्वव्यापी महामारीको बिचमा एक्लो र चिन्तित भएको महसुस गरेका छन्। यो पृष्ठभूमि याद राख्दै म आज तपाईंहरूको माझ केही उज्यालो खबर लिएर आएको छु। जनस्वास्थ्य विशेषज्ञहरू र क्याम्पसका सबै कुनाहरूसँगको धेरै विचार-विमर्श पछि, हाम्रो क्याम्पस समुदायको स्वास्थ्य र सुरक्षाको रक्षा गर्ने थुप्रै परिमार्जनहरूका साथ, हामीले सेप्टेम्बर २ मा तालिका अनुसार विद्यार्थीहरूलाई यस क्याम्पसमा फिर्ता स्वागत गर्ने हाम्रो योजनाहरू घोषणा गर्न सक्छौ। हामी हाम्रो पूर्ण पाठ्यक्रम प्रदान गर्ने उद्देश्य राख्छौं र हाम्रा धेरै कक्षाहरू *Thanksgiving* को बिदासम्म व्यक्तिगत रूपमा पढाईनेछ।

हाम्रो योजनाहरूको वर्तमान अवस्थाको पूर्ण विवरणको कृपया हाम्रो "*Smart Restart*" वेबसाईटमा जानुहोला। यो मेमोले केवल यी योजनाहरूको केही सारांश प्रदान गर्दछ जुन व्यापक चासोको कुरा हुन सक्छन्; म सबैलाई यो वेबसाईटको आफूलाई उचित भागहरू पढ्नका लागि आग्रह गर्दछु। हाम्रो योजनाहरू विकसित हुने क्रममा बारम्बार वेबसाईट अपडेट हुनेछ, त्यसैले म तपाईंलाई यसलाई नियमित रूपमा वेबसाईट हेर्नको लागि आग्रह गर्दछु। विशेष गरी, स्नातक, व्यावसायिक र अन्तर्राष्ट्रिय विद्यार्थीहरूको लागि थप जानकारी चाँडै आउँदैछ।

*Thanksgiving* पछि, हामी शरद सेमेस्टरको अन्तिम नौ दिनको शिक्षा र परीक्षाको लागि सबै कक्षाहरूलाई *virtual* बनाउनेछौं। यो विशेष गरी गाह्रो निर्णय थियो, किनकि हामीले सामान्य जीवनमा फर्कने प्रबल इच्छालाई बुझेका छौं। हामीलाई लाग्दछ कि यो एउटा विवेकी छनौट हो किनकि *Thanksgiving* बिदाका लागि म्याडिसन छोड्ने र फर्कने विद्यार्थीहरूले हाम्रो क्याम्पसमा सङ्क्रमणको जोखिमको सम्भावनालाई बढाउन सक्नेछन्। जो सजिलै घर जान सक्दैनन् वा जसले टाढाबाट अध्ययन वा काम गर्न सक्दैनन् उनीहरू म्याडिसनमा बस्न सक्नेछन् र शरद सेमेस्टरको काम यहाँ पूरा गर्न सक्नेछन्।

*COVID-19* अझै पनि एउटा विश्वव्यापी खतराको रूपमा रहेको छ, जुन हामी आफ्ना विद्यार्थी, संकाय र कर्मचारीहरूलाई जोगाउने क्रममा गम्भीर रूपमा लिनेछौं। आज हामीले घोषणा गरिरहेका स्वास्थ्य र सुरक्षाका चरणहरू कडा, पूर्ण र विज्ञान द्वारा समर्थित छन्। हामीलाई विश्वास छ कि ती चरणहरूले हाम्रो क्याम्पस समुदायमा हुने जोखिमलाई कम गर्नमा साथ दिनेछन् र परम्परा र अनुभवहरू जसले *Badger* शिक्षालाई मूल्यवान बनाउँदछ त्यसमा विद्यार्थीहरूलाई फर्कन अनुमति दिनेछन्।

सङ्क्रमण पहिचान गर्न र यसलाई फैलनबाट रोक्नका लागि परीक्षण महत्त्वपूर्ण छ, र हामी तीन-भागको परीक्षण योजना पालना गर्नेछौं। प्रथमत:, क्याम्पसमा *drop-in* परीक्षण केन्द्रहरू हुनेछन्, जुन क्याम्पस समुदायका सबैलाई नि: शुल्क उपलब्ध हुनेछन्। दोस्रो, हामी सम्पूर्ण क्याम्पसको निगरानी परीक्षण गर्नेछौं। यसको मतलब, कसै कसैलाई आफ्नै इच्छाले समूहहरूमा

सम्मिलित हुन आग्रह गरिनेछ जसलाई नियमित रूपमा भाइरस फैलिरहेको छ कि छैन भनेर निरीक्षण गर्न परीक्षण गरिनेछ। तेस्रो, केहि समूहहरूको लागि लक्षित परीक्षण हुनेछ जसलाई हामीले हेरचाह गर्नुपर्ने विशेष दायित्व छ। उदाहरणको लागि, आवास हलका सबै विद्यार्थी र कर्मचारीहरूको नियमित परीक्षण हुनेछ।

क्याम्पसमा बस्ने विद्यार्थीहरूका लागि जो पोजिटिभ परीक्षण हुन्छन् वा भाइरससँग एक्स्पोजर भएका हुन सक्छन्, क्वारेन्टाइन वा आफैँलाई अलग्ग राख्नका लागि हामी समर्पित बाथरूमा भएका कोठाहरू प्रदान गर्नेछौं। विश्वविद्यालयले *Public Health Madison & Dane County* को संयोजनमा *UW–Madison* क्याम्पसमा पोजिटिभ भेटिएका कसैसँग सम्पर्कमा आएका व्यक्तिहरूको पहिचान गर्न प्रशिक्षित *contact tracers* प्रयोग गर्नेछ।

परीक्षण, जुन आवश्यक छ, सबैलाई सुरक्षित राख्ने केवल एउटा भाग हो। हामी क्याम्पसमा भएका सबैजनाले कडा मार्गनिर्देशनहरूको पालना गर्न आवश्यक बनाउनेछौं। यसमा सार्वजनिक भित्री स्थानमा हुने व्यक्तिहरूलाई अनुहार ढाक्ने कुराहरू लगाउन आग्रह गर्ने कुरा समावेश छ। यसमा शारीरिक दूरी, हात धुने, र कोरोनाभाइरस लक्षणहरूको लागि अनुगमन गर्ने कुराहरू पनि समावेश छ। *Badger* समुदायले सँधै एकअर्काको ध्यान राखेका छन्। यस शरद ऋतुमा, हामी हाम्रो क्याम्पस अन्तर्क्रियाहरूमा अझ ठूलो स्तरको सहयोग, हेरचाह र विचारशीलताको लागि आग्रह गर्नेछौं। गएको वसन्त, मैले देखें कि कसरी हाम्रा विद्यार्थी र कर्मचारीहरूले अनुग्रह, शक्ति र लचिलोपनाका साथ सबै चुनौतीहरू सँभाले। म विश्वस्त छु कि हामी यी नयाँ चुनौतिको लागि पनि उठ्नेछौं।

निर्देशन पनि फरक हुनेछ। धेरै कक्षा र छलफल सेक्सन व्यक्तिगत रुपमा हुनेछन्, तर हामीलाई विद्यार्थीहरू बीच शारीरिक दूरी प्रदान गर्न अनुमति दिने पहिले भन्दा ठूलो कक्षाकोठाहरूमा। किनकि क्याम्पसमा ठूला कक्षाकोठाहरू कम छन्, विद्यार्थी र संकायले कक्षाको तालिकामा बदलको अपेक्षा गर्न सक्दछन् ताकि हामी यो सुनिश्चित गर्न सकौं कि शारीरिक दूरीको अनुमति दिने कक्षाकोठाहरूमा कक्षाहरू आयोजना गरिएको छ। यसको मतलब केही कक्षाहरू साँझमा वा शनिवार हुन आवश्यक पर्न सक्दछ। हामीले कक्षाकोठामा सबै विद्यार्थीहरूले अनुहार ढाक्ने कुराहरू लगाउनुपर्ने आवश्यक बनाउनेछौं र कक्षाकोठामा प्रयोग गर्न सकिने सफाई सामग्रीहरू राख्नेछौं।

विद्यार्थी र संकायको सुरक्षा सुनिश्चित गर्न ठूलो कक्षा लेक्चरहरूलाई (१०० भन्दा बढी विद्यार्थीहरू सबै र केही ५० र १०० जना सम्म भएको) अन्लाईन राखिनेछ, त्यही पनि उपस्थित हुन सक्ने विद्यार्थीहरूका लागि हामी व्यक्तिगत रूपमा साना छलफल/समस्या-सेट बैठकहरू समर्थन गर्ने प्रयास गर्नेछौं। अवश्य पनि, केही विद्यार्थीहरू यो शरद ऋतुमा क्याम्पसमा हुन असक्षम हुनेछन् वा इच्छुक हुनेछैनन्। यी विद्यार्थीहरूलाई उनीहरूको डिग्रीको प्रगतिको लागि सहयोग गर्न हामी प्रत्येक स्नातक कार्यक्रममा दूरीको ढाँचामा चयनित कक्षाहरू प्रदान गर्नेछौं।

स्नातक र व्यावसायिक स्कूल स्तरका कार्यक्रम आवश्यकताहरू सम्बोधन गर्न पनि सबै प्रकारको प्रयास गरिनेछ। तर, केही व्यावसायिक स्कूल कार्यक्रमहरूको पाठ्यक्रमलाई *hands-on* तालिमको आवश्यक पर्दछ जुन केवल *virtual* ढाँचामा रूपान्तरण हुन सक्दैनन्। विद्यार्थीहरूले व्यक्तिगत सरोकारहरू सम्बोधन गर्न उनीहरूको कार्यक्रम समन्वयकर्ताहरूसँग काम गर्नुपर्दछ।

साझा स्थानहरूमा बढाईएको सुरक्षा प्रोटोकल र भीडको समग्र कटौतीको साथ, हामी हाम्रा सबै आवास हलहरू शरद ऋतुमा सञ्चालन गर्ने मनसाय राख्दछौं। धेरै जसो कोठामा दुईजना बासिन्दाहरू हुनेछन्। अधिक *grab-and-go* खानाका विकल्पहरू र दूरी बढाईएको टेबलहरूका साथ, खाना परिसरहरू फरक तरिकाले सञ्चालन हुनेछन्।

त्यसै गरी, हामी आशा गर्दछौं कि कार्यालयहरू खुल्नेछन् र धेरै कर्मचारीहरू क्याम्पसमा फिर्ता आउनेछन् तर हामी विभिन्न तरिकाले चल्नेछौं। कार्यक्षेत्रहरू शारीरिक दूरी सुनिश्चित गर्न पुन: व्यवस्थित गरिनेछ, कार्यक्षेत्रहरूको नियमित सफाई हुनेछ, र साझा कार्यक्षेत्रमा कर्मचारीहरूको सङ्ख्या घटाउन *telework* र विभिन्न घण्टाहरूको अधिक प्रयोग हुनेछ।

मलाई थाहा छ कि आजको घोषणाले धेरै प्रश्नहरूको जवाफ बिना दिएको छैन। म तपाईंलाई विश्वास दिलाउन चाहन्छु कि हामी यी सबै परिवर्तनहरू लागू गर्न र अनुत्तरित प्रश्नहरूको सम्बोधन गर्न कडा मेहनत गरिरहेका छौं। जसरी हामी नयाँ क्षेत्रमा बाटो खोज्दछौं हामी तपाईंको निरन्तर धैर्य र लचिलोपनाका आग्रह गर्दछौं। तपाईंसँग मेरो वाचा यही हो कि हामी उपलब्ध उत्तम जानकारीको आधारमा र जतिसक्दो पारदर्शी रूपमा *Badger* समुदायको स्वास्थ्य र सुरक्षालाई हाम्रो मुख्य प्राथमिकतामा राख्दै निर्णयहरू लिन जारी राख्नेछौं। थप विवरणहरू विकसित भएपछि हामी तिनीहरूलाई आउँदो हप्ताहरूमा साझा गर्नेछौं। यदि तपाईंसँग विशेष प्रश्न छ भने, कृपया हामीलाई askbucky@uwmad.wisc.edu मा ईमेल वा *Campus and Visitor Relations* 608-263-2400 मा सम्पर्क गर्नुहोला।

अन्त्यमा, मलाई व्यक्तिगत कृतज्ञताको नोटमा अन्त्य गर्न दिनुहोस्। *COVID-19* को कारणले भएको उथलपुथलले गर्दा सबैलाई गाह्रो भएको छ, विद्यार्थी र तिनका परिवारदेखि हाम्रो संकाय र कर्मचारीहरूसम्म। हामी सबै चीज सामान्यमा फर्कियोस् भन्ने चाहन्छौं, तर यस मेमोले सङ्केत गरे जस्तै आउँदो बर्षमा चीजहरू फरक हुनेछन्। हाम्रो विश्वविद्यालय समुदाय र मानिसहरूलाई स्वस्थ राख्न सहयोग गर्ने व्यवहारप्रति तपाईंको प्रतिबद्धताको म कदर गर्दछु। हामी यो अनौंठो समयबाट पार गर्नेछौं, र हामीले क्याम्पसको लागि नयाँ अवसरहरू सिर्जना गर्ने केही चीजहरू पनि सिक्न सक्नेछौं। म आशावादी र उत्साहका साथ अगाडि हेर्न जारी छु।

धन्यवाद, र *On, Wisconsin!*